अनुसूची २

(स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४)
दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

स्वर्गद्वारी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ६ मितिः २०८२/०६/२७

भाग-२

स्वर्गद्वारी नगरपालिका

## स्वर्गद्वारी नगरपालिकाको मर्मत सम्भार कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**नगर कार्यपालिकाबाट पारित मितिः २०८२/०६/२७**

**प्रस्तानाः**

स्वर्गद्वारी नगरपालिका क्षेत्र भित्र नगरपालिका वा अन्य निकायबाट निर्माण भएका सार्वजनिक पूर्वाधार एवम् नगरपालिकाको स्वामित्वमा रहेको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी स्वर्गद्वारी नगरपालिकाले यो मर्मत सम्भार कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ तयार गरी कार्यान्वयनमा ल्याएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८२ रहनेछ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**ऐन**" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्छ।

(ख) "**आर्थिक नियम**" भन्नाले सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित नगरपालिकाको आर्थिक कार्यप्रणाली संचालन गर्ने कानुन सम्झनुपर्छ।

(ग) "**कोष**" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम मर्मत सम्भारका कार्यहरु कार्यसम्पादन गर्न तथा अन्य प्रचलित कानुनी व्यवस्था बमोजिम नगरपालिकाले मर्मत सम्भारका लागि स्थापना गरेको विशेष कोषलाई सम्झनुपर्छ।

(घ) "**नगरपालिका**" भन्नाले स्वर्गद्वारी नगरपालिकालाई सम्झनुपर्छ।

(ङ) "**नगर कार्यपालिका**" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिमको नगरकार्यपालिका सम्झनुपर्छ।

(च) "**समिति**" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिमको कोष संचालनको लागि गठन गरिएको समितिलाई सम्झनुपर्छ।

(छ) "**नगरसभा**" भन्नाले स्थानीय सरकार संचालन ऐन बमोजिम गठन हुने नगरसभा सम्झनुपर्छ।

(ज) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले स्वर्गद्वारी नगरपालिकाको कार्यालयमा कार्यरत ऐनको दफा ८४ बमोजिमको अधिकारीलाई सम्झनुपर्छ।

(झ) "**मन्त्रालय**" भन्नाले नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालयहरुलाई सम्झनुपर्छ।

(ञ) "**प्रमुख**" भन्नाले नगर प्रमुखलाई सम्झनुपर्छ।

(ट) "**संयोजक**" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिम गठित समितिको संयोजकलाई जनाउनेछ।

(ठ) "**गैरसरकारी संस्था**" भन्नाले नेपाल सरकारको प्रचलित कानुन बमोजिम दर्ता भई संचालनमा/क्रियाशिल रहेका सामाजिक, आर्थिक, शैक्षिक वा विकासका काम गर्ने सेवामुखी संस्थालाई सम्झनुपर्छ।

(ङ) “**टोल विकास संस्था/उपभोक्ता समिति**” भन्नाले नगरपालिकाको टोल र वस्ती क्षेत्रमा संचालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन गर्न बनेको समिति भन्ने बुझ्ाँउनेछ।

३. **कार्यविधिको पालना गर्नुपर्नेः** स्वर्गद्वारी नगरपालिका भित्र निर्माण भएका वा निर्माण हुने पूर्वाधार आयोजनाहरुको निर्माण, संचालन, तथा मर्मत सम्भार कार्यको लागि गठित टोल विकास संस्था र उपभोक्ता समिति वा संरक्षण समिति, तथा नगरपालिकासँग सहकार्य गर्ने निर्माण व्यवसायी संघ, विकास साझेदारहरु तथा पूर्वाधार विकास कार्यक्रम संचालन गर्ने सबै सरोकारवालाहरुले पूर्ण रुपमा यो कार्यविधिको पालना गर्नुपर्नेछ।

४. **कार्यविधिको उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ,

(क) नगरपालिकाको क्षेत्राधिकार भित्र निर्माण भएका पूर्वाधार आयोजनाहरुलाई दीगो रुपमा संचालन गर्नु,

(ख) टोल विकास संस्था र उपभोक्ता समिति, मर्मत सम्भार संरक्षण समिति तथा नगरपालिकालाई पूर्वाधार आयोजनाको संचालन तथा मर्मत सम्भारमा जवाफदेही बनाउनु,

(ग) नगरपालिकामा कार्यरत सरकारी, गैर सरकारी तथा गैर नाफामूलक संघ संस्था वा अन्य सामुदायिक संस्थाहरुलाई पूर्वाधार आयोजना सम्बन्धी क्रियाकलापहरु संचालन गर्दा पूर्ण जिम्मेवार बनाउनु,

(घ) आयोजनाबाट लाभग्राहीहरुले दीर्घकालसम्म लाभ र सेवा प्राप्त गर्न सक्ने अवस्था सृजना गर्नु,

(ङ) नगरपालिकाको क्षेत्राधिकार भित्र निर्माण भएका पूर्वाधार आयोजनाहरुको वार्षिक रुपमा विस्तृत विवरण (**Inventory**) अध्यावधिक गरी मर्मत सम्भार सम्बन्धी योजना तर्जुमामा सहयोग पुऱ्याउनु,

(च) पूर्वाधार आयोजनाहरुको योजनावद्ध र नियमित रुपमा मर्मत सम्भारका कार्यहरु गर्नु/गराउनु।

## परिच्छेद २

### मर्मत सम्भार कोष तथा कार्य संचालन प्रक्रिया

५. **पूर्वाधार आयोजनाको वर्गीकरणः** (१) पूर्वाधार आयोजनाको वर्गीकरण देहाय बमोजिम हुनेछ।

(क) **सामुदायिक पूर्वाधारः** निश्चित उपभोक्ताहरु लाभान्वित हुने प्रकृतिका (जस्तै खानेपानी, सिंचाई आदि) आयोजनाहरु,

(ख) **सार्वजनिक पूर्वाधारः** निश्चित उपभोक्ता मात्र नभई ठुलो सङ्ख्यामा उपभोक्ताहरु लाभान्वित हुने प्रकृतिका (जस्तै ग्रामिण तथा कृषि सडकहरु, झोलुङ्गे तथा ट्रेयल पुल, कल्भर्ट आदि) आयोजनाहरु,

(ग) **मिश्रित प्रकृतिकाः** (सामुदायिक र सार्वजनिक) पूर्वाधार आयोजनाहरु जसबाट सम्पतीहरु संरक्षण गर्ने, वाढी नियन्त्रण गर्ने आयोजनाहरु जस्तै जैविक तथा तार जालीयुक्त तटवन्ध, पहिरो नियन्त्रण गर्न संचालन गरिने आदि) आयोजनाहरु।

## ६. मर्मत सम्भार गरिने पूर्वाधार आयोजनाको छनौट प्रक्रिया

(१) वडा कार्यालयले भौतिक प्रर्वाधार शाखाले तोके बमोजिमको नमुना फाराम भरी मर्मत सम्भार/संरक्षण समितिमा पेश गर्नेछ। सामान्य अवस्थामा आ.व. समाप्त भएको प्रथम चौमासिक अवधि भित्र वा प्राकृतिक प्रकोप भइ क्षति भएको अवस्थामा घटना भएको एक महिना भित्रमा पेश गरिनेछ। यसरी प्राप्त हुन आएको मर्मत सम्भार गरिनुपर्ने आयोजनाहरुलाई सम्बन्धित वडा कार्यालयले अनुसूची-१ अनुसारको विवरण तयार गरी नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

(२) सामान्य अवस्थामा उपदफा (१) बमोजिम विवरण पेश गर्दा समितिले विवरणमा उल्लेखित पूर्वाधार आयोजनाहरु मध्येबाट एक आर्थिक वर्षमा तत्काल मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरुको प्राथमिकीकरण गरी मर्मत सम्भारका लागि योजना तर्जुमा प्रक्रिया अनुरुप कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरु कार्यपालिकामा पेश गर्नुपूर्व लागत अनुमान तथा सम्भाव्यता अध्ययन समेत गर्नु पर्ने भएमा समितिले सम्बन्धित प्राविधिकको समेत सहयोग लिई लागत अनुमान तथा सम्भाव्यता अध्ययन सम्पन्न गरी सो समेत संलग्न गरी पेश गर्नु पर्नेछ।

## ७. व्यवस्थापन समिति

(१) नगरपालिका क्षेत्र भित्र मर्मत सम्भार कार्य व्यवस्थित रुपमा कार्यान्वयन गर्न नगर प्रमुखको संयोजकत्वमा सात (७) सदस्यीय एक समिति गठन गरिने छ।

(२) दफा ७ को उपदफा (१) बमोजिम गठित समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन्।

| | |
|---|---|
| (क) नगर प्रमुख | - संयोजक |
| (ख) नगर उपप्रमुख | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) पूवार्धार विकास समितिको संयोजक | - सदस्य |
| (ङ) भौतिक पूर्वाधार विकास साखा प्रमुख | - सदस्य |
| (च) नगरपालिकाको विपद सम्पर्क व्यक्ति (फोकल पर्सन) | - सदस्य |
| (छ) योजना शाखा प्रमुख | - सदस्य सचिव |

(३) समितिको बैठक कम्तिमा ४ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा संयोजकको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ।

(४) बैठक भत्ता प्रचलित नियमानुसार हुनेछ।

(५) बैठकमा आवश्यकता अनुसार समितिको संयोजकको अनुमतिमा सदस्य सचिवले कुनै पदाधिकारी तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ।

## ८. स्थानीय पूर्वाधारमर्मत सम्भार कोष तथा कार्य संचालन समितिको काम कर्तव्य र अधिकार

मर्मत सम्भार कोष तथा कार्य व्यवस्थापन समितिको निम्नानुसार काम कर्तव्य र अधिकार हुनेछ।

(१) समितिले नगरपालिका मातहत रहेका दफा ६ बमोजिम वडा कार्यालयबाट मर्मत सम्भारको लागि पेश भएका पूर्वाधार आयोजनाहरुको विवरण अनुसूची १ बमोजिमको ढाँचामा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पहिलो चौमासिक भित्र अद्यावधिक गरी  स्थान र अवस्था सहित नक्साङ्कन तयार गर्नु गराउनु पर्नेछ।

(२) दफा (५) बमोजिम पूर्वाधार आयोजनाहरुको विवरण अभिलेखिकरण गर्दा देहायको आधारमा तयार गर्नु पर्नेछ।

(क) जनश्रमदान र सहयोगी निकायबाट निर्माण भएका आयोजनाहरु,

(ख) कम्तिमा ५ वर्ष देखि चालु आर्थिक वर्ष सम्मका निर्माण कार्य सम्पन्न भएका आयोजनाहरु तर ग्रामीण तथा कृषि सडक, पुल तथा भवन, सिंचाई लगायतको पूर्वाधारहरु आयोजनाहरुको हकमा चालू अवस्थाका वा आंशिक मर्मत गर्दा संचालनमा आउन सक्ने अवस्थामा रहेका आयोजना पुरानो भए पनि अभिलेखीकरण गरिनेछ।

(३) समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गत मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरुको प्राथमिकीकरणको लागि निश्चित मापदण्डहरु निर्धारण गरी त्यस्तो मापदण्डको आधारमा समितिले मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरुको प्राथमिकिकरण गरी कार्यपालिकामा पठाउने छ।

(४) दफा (७) बमोजिम समितिबाट पेश भएका पूर्वाधार आयोजनाहरुलाई कार्यपालिकाले अध्ययन गरी वार्षिक रुपमा मर्मत सम्भार गर्नुपर्ने पूर्वाधार आयोजनाहरुको प्राथमिकिकरण गर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विपद् परी  प्राथमिकता सूचीमा रहेको भन्दा अन्य आयोजनाहरुको मर्मत सम्भार गर्नुपर्ने अवस्था आएमा कार्यपालिकाको निर्णय अनुसार विपद् व्यवस्थापन ऐन, तथा विपद् व्यवस्थापन कोष संचालन कार्यविधिले तोकेको प्रक्रिया अनुसार आयोजनाहरुको मर्मत सम्भार कार्य गर्नु पर्नेछ।

(६) विपद्को अवस्थामा बाहेक अन्य अवस्थामा नगरपालिकाले पूर्वाधार आयोजनाहरुको मर्मत सम्भारको लागि बजेट विनियोजन गर्नुपर्ने भएमा त्यस्ता आयोजनाहरुलाई वार्षिक योजना तर्जुमा प्रक्रियामा समावेश गर्नु पर्नेछ।

(७) धेरै पुराना वा जीर्ण अवस्थाका पूर्वाधार आयोजनाहरु मर्मत सम्भार गर्नु पर्ने भएमा पहिलो पटकको लागि मर्मत सम्भार कार्यक्रम अन्तर्गत समावेश गरिने छैन। यस्ता पूर्वाधार आयोजनाहरुको मर्मत सम्भार कार्य नयाँ योजना संचालन कै प्रक्रिया अनुसार हुनेछ।

**९. मर्मत सम्भार सम्बन्धी सचेतना र क्षमता विकास :**

(१) पूर्वाधार आयोजनाको योजना तर्जुमाको प्रारम्भिक चरणदेखि नै यस कार्यविधि बमोजिम मर्मत सम्भार सम्बन्धमा सचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्नु पर्नेछ।

(२) मर्मत सम्भार सम्बन्धी सम्झौता पत्रमा उल्लेख भएका प्रावधानहरुलाई सम्बन्धित टोल विकास संस्था /उपभोक्ता समिति वा संरक्षण समितिहरुलाई अभिमुखीकरण गरी मर्मत सम्भार सम्बन्धी व्यवस्थाको लागि आवश्यक पहल गर्न उपभोक्ता वा संरक्षण समितिको क्षमतामा अभिवृद्धि सम्बन्धी कार्यक्रम गर्नु पर्नेछ।

## परिच्छेद ३

## मर्मत सम्भार कोषको व्यवस्था र परिचालन

**१०. कोष स्थापनाः**

(१) नगरसभाको निर्णय बमोजिम एक मर्मत सम्भार कोषको स्थापना हुनेछ।

(२) दफा १० को उपदफा (१) बमोजिम स्थापना भएको कोषमा देहाएका रकमहरु संचित गरिने छ।

(क) प्रत्येक आर्थिक वर्षमा नगरसभाले आफ्नो आन्तरिक आयबाट विनियोजन गरेको रकम।

(ख) कुनै व्यक्ति वा संस्थाबाट कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम।

(ग) नगरसभाको स्वीकृतमा प्राप्त हुने अन्य रकम।

(घ) नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम।

(ङ) पाँच लाख वा सो भन्दा माथिको बजेट कार्यान्वयन गर्दा, बजेटको २ प्रतिशतले हुन आउने रकम।

(च) अन्य स्थानीय तहबाट मर्मत सम्भार वापत प्राप्त हुने रकम।

(छ) अन्य विविध स्रोतबाट प्राप्त हुने रकम।

**११. कोष संचालन**

(१) नगरपालिका स्तरीय कोषको संचालन देहाय बमोजिम हुनेछः

(क) कोषको नाममा प्राप्त हुन आएको रकम स्वर्गद्वारी नगरपालिकाको नाममा मर्मत सम्भार कोष खाताखोली जम्मा गरिनेछ।

(ख) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट संचालन हुनेछ।

(ग) कोषको आन्तरिक लेखा परीक्षण आन्तरिक लेखा परीक्षण शाखाले गर्नेछ।

(घ) कोषको अन्तिम लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

(२) नगरपालिका र सो अन्तर्गतको वडा कार्यालयले निर्माण व्यवसायी वा टोल विकास संस्था/उपभोक्ता समिति मार्फत निर्माण गरिने पूर्वाधार आयोजनाको लागि विनियोजित कुल बजेटको नगरसभाले तोकेको रकम मर्मत सम्भार कोषको लागि विनियोजन गर्नु पर्नेछ।

(३) टोल विकास संस्था/उपभोक्ता समिति वा संरक्षण समितिले रु १,००,०००/- अक्षेरुपी एक लाख भन्दा कम रकम मर्मत सम्भार कार्यको लागि खर्च गर्नु परेमा नगरपालिका वा वडा कार्यालयबाट अनिवार्य रुपमा प्राविधिक डिजाईन तथा लगत अनुमान गराई सो स्वीकृत लागत अनुमान अनुसार मर्मत सम्भार कार्यका लागि कार्यालयले समितिको कुनै जिम्मेवार पदाधिकारीलाई सिधै कार्यादेश दिन सक्नेछ।

(४) टोल विकास संस्था/उपभोक्ता समिति वा संरक्षण समितिको काम कर्तव्य र अधिकार अनुसूची २ बमोजिम हुनेछ।

१२. **मर्मत सम्भार कोषको रकम प्रयोग गर्न नपाईनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनको लागि कोषको रकम प्रयोग गर्न पाईने छैन।

(१) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

(२) नियमित रुपमा गरिने विकास निर्माण सम्बन्धी कार्यहरुको लागि खर्च गर्न,

(३) कुनै किसिमको गोष्ठी, अन्तरक्रिया, वा सेमिनारमा भाग लिन वा संचालन गर्न तर पूर्वाधार आयोजनाको रेखदेखमा खटिने व्यक्तिको सीप अभिवृद्धि सम्बन्धी तालिममा सहभागी हुन लाग्ने खर्चको लागि यस बुँदाले वाधा पार्ने छैन।

## परिच्छेद ४

## कोषको खर्च प्रणाली, छनौटको मापदण्ड र कार्य गराउने व्यवस्था

१३. **कोषको खर्च प्रणालीः**

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार विकासको मर्मत सम्भारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धी कार्यमा मात्र खर्च गरिनेछ।

(१) सडक, कल्भर्ट, सडक नाली, पूल, झोलुंगे पुल, ढल आदिको मर्मत सम्भार सम्बन्धी कार्य।

(२) सिचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत संम्भार सम्बन्धी कार्य।

(३) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य।

(४) सार्वजनिक निकायका भौतिक संचरना एंव भवनहरुको मर्मत सम्भार सम्बन्धी कार्य।

१४. **मर्मत सम्भारको लागि छनौटको मापदण्ड**

टोल विकास संस्था/उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकीकृत वार्षिक कार्यक्रममा समावेश गर्न भनी माग भई आएका योजनाहरु र नगरपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारणगरी छनौट गर्नु पर्नेछ।

क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु।

ख) नगरको योजना बैंकमा प्राथमिकतामा रहेका सडकहरु।

ग) क्षेत्रगत रणनीति तथा योजनामा परेका पूर्वाधारहरु।

घ) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा।

ङ) लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा।

च) मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा।

छ) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यकताको आधारमा।

ज) दुई वा दुई भन्दा वढी स्थानीय तहलाई जोड्ने सडक, वडा कार्यालय र नगरपालिका जोड्ने सडक, कृषि तथा हरित सडक, ग्रामीण सडक, बस्तीबाट विद्यालय जोड्ने सडक, पुल पुलेसा, कर्ल्भट, कूलो पैनी, बाँध आदि।

**१५. मर्मत सम्भार कार्य गराउने व्यवस्थाः**

नगरपालिकाभित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत संम्भार, आवधिक मर्मतसम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

## परिच्छेद ५

## विविध

१६. **अनुगमन तथा मुल्याङ्कनः** मर्मत सम्भार कोषबाट संचालन हुने आयोजनाहरको अनुगमन तथा मूल्याङ्कन देहाय अनुसार हुनेछ।

(क) नगरपालिकाले यस कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्दा नगर स्तरीय तथा वडा स्तरीय अनुगमन समितिबाट हुनेछ।

(ख) अनुगमन तथा कार्यसम्पन्न मूल्याङ्कन प्रतिवेदनको आधारमा मात्र जाँचपास तथा फरफारक गरिनेछ।

(ग) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी खर्चको व्यवस्था नगर स्तरीय अनुगमनको नगरपालिकाले र वडा स्तरीय अनुगमनको सम्बन्धीत वडा कार्यालयबाट हुनेछ।

(घ) अनुगमन समितिले अनुगमन गर्दा देहाय बमोजिमको कुराहरु समावेश गरी प्रतिवेदन तयार गर्नुपर्ने छ।

- आयोजनाको नाम, स्थान, उदेश्य र क्षेत्र,
- उपभोक्ता समितिको नाम/निर्माण कम्पनीको नाम, ठेगाना,
- कार्यान्वयन गर्ने निकाय/संस्था,

- आयोजना सुरु हुने मिति र सम्पन्न हुने मिति,
- अनुगमन गर्ने निकाय वा टोलीको नाम र पद,
- अन्य सहभागी व्यक्तिहरुको नाम र पद,
- सम्पन्न भएको कार्यको प्रतिशत,
- हाल सम्मको प्रगती (भौतिक, वित्तीय),
- प्राविधिक गुणस्तर र मानक अनुसार काम भएको/नभएको,
- बजेट तथा खर्च विवरण,
- मानव संसाधन, सामग्री, मेशिनरिको उपलब्धता र प्रयोग,
- कार्यान्वयनमा देखिएका समस्या, चुनौतीहरु,
- भौगोलिक, वातावरणीय, सामाजिक वा राजनीतिक अवरोध/सहजीकरण,
- स्थानीय समुदायमा परेको प्रभाव,
- भविश्यका लागि सुधार गर्नुपर्ने पक्षहरु,
- कामलाई गुणस्तरीय र समयमै सम्पन्न गर्नुपर्ने सुझाव,
- निष्कर्ष,
- योजना स्थल निरीक्षणका तस्विरहरु,

**१७. संशोधन वा खारेजीः**

क) मर्मत सम्भार कोष संचालन कार्यविधि संशोधन वा खारेज गर्नु परेमा नगर कार्यपालिकाबाट हुनेछ ।

ख) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

ग) यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलितकानून तथा स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

अनुसूची १

स्वर्गद्वारी नगरपालिका, प्युठान

पूर्वाधार आयोजनाहरुको लागत (विस्तृत विवरण)

आयोजना अद्यावधिक गरिएको साल र महिना .......................

| सि.नं. | आयोजनाको नाम (प्रकार) | वडा नं. | टोल | GPS coordinate | | अनुमानित लागत | सुरु भएको साल | सम्पन्न भएको साल | प्राथमिकिकरणको अवस्था | | | | लाभान्वित घरधुरी | समितिको पदाधिकारी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Long | Lat | | | | क | ख | ग | घ | | नाम | सम्पर्क न. | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

नगरपालिकाको भूमिका

- उपभोक्ता समिति वा संरक्षण समितिसँग आयोजनाको शुरुआती चरण देखि छलफल गरी आयोजनाको गुणस्तर कायम राख्न आवश्यक प्रबन्ध मिलाउने ।
- उपभोक्ता समिति वा संरक्षण समितिलाई आयोजनाको दिगोपनाको लागि मर्मत सम्भार कोष स्थापना तथा परिचालनमा सहजिकरण गर्ने ।
- उपभोक्ता वा संरक्षण समितिको क्षमताले मात्र आयोजनाको मर्मत सम्भार गर्न सक्ने अवस्था नभएमा आवश्यक सहयोग गर्ने ।
- निर्माण व्यवसायी मार्फत संचालन भएका आयोजना न्युन गुणस्तर भएको कारणले आँशिक वा पूर्ण रुपमा संचालन हुन नसकेमा आवश्यक प्रबन्ध मिलाउने ।
- आयोजनाको समय समयमा अनुगमन गरि उपभोक्ता समिति वा संरक्षण समितिलाई आवश्यक सल्लाह सुझाव दिने ।
- आयोजनाको प्रकृति अनुसार सम्भव भएसम्म बीमाको लागि समन्वय तथा सहजीकरण गर्ने ।
- विपद्मा परि आयोजना मर्मत गर्नुपर्ने भएमा आयोजना मर्मत सम्भारको लागि आवश्यक सहयोग गर्ने ।

वडा कार्यालयको भूमिका

- उपभोक्ता समिति वा संरक्षण समितिसँग आयोजनाको शुरुआति चरण देखि छलफल गरि आयोजनाको गुणस्तर कायम राख्न आवश्यक प्रवन्ध मिलाउने ।
- उपभोक्ता समिति वा संरक्षण समितिलाई आयोजनाको दीगोपनाको लागि मर्मत सम्भार कोष स्थापना तथा परिचालनमा सहजिकरण गर्ने ।
- उपभोक्ता वा संरक्षण समितिको क्षमताले मात्र आयोजनाको मर्मत सम्भार गर्नसक्ने अवस्था नभएमा आवश्यक सहयोग गर्ने ।
- निर्माण व्यवसायी मार्फत संचालन भएका आयोजना न्यून गुणस्तर भएको कारणले आंशिक वा पूर्ण रुपमा संचालन हुन नसकेमा आवश्यक प्रबन्ध मिलाउने ।
- आयोजनाको समय समयमा अनुगमन गरि उपभोक्ता समिति वा संरक्षण समितिलाई आवश्यक सल्लाह सुझाव दिने ।
- आयोजनाको प्रकृति अनुसार सम्भव भएसम्म बीमाको लागि समन्वय तथा सहजिकरण गर्ने ।
- विपद्मा परी आयोजना मर्मत गर्नुपर्ने भएमा आयोजना मर्मत सम्भारको लागि आवश्यक सहयोग गर्न सहजिकरण गर्ने ।

उपभोक्ता समितिको भूमिका

- आयोजनाको संरक्षण, व्यवस्थापन तथा मर्मत सम्भारको लागि आवश्यक व्यवस्था मिलाउने ।
- आयोजनाको मर्मत सम्भारको लागि पूर्ण जिम्मेवार हुने ।
- मर्मत सम्भार कोष स्थापना तथा परिचालनको लागि आवश्यक व्यवस्था गर्ने ।

- उपभोक्ता समितिको क्षमताले आयोजनाको मर्मत सम्भार गर्नसक्ने अवस्थामा मात्र आयोजना मर्मत सम्भारको लागि नगरपालिका तथा वडा कार्यालयबाट सहयोग लिने ।
- आयोजनाको प्रकृति अनुसार सम्भव भएसम्म पूर्वाधार आयोजनाको बीमा गर्ने ।
- मर्मत सम्भार कोषको प्रचलित कानुन अनुसार लेखा परीक्षण गराउने ।
- यस कार्यविधिमा भएको प्रावधान अनुसार अन्य कार्य गर्ने ।

## अनुसूची २

### स्वर्गद्वारी नगरपालिका, प्युठान

**१. टोल विकास संस्था र उपभोक्ता समिति वा संरक्षण समितिको काम कर्तव्य र अधिकार**

टोल विकास संस्था/उपभोक्ता समिति वा संरक्षण समितिको काम कर्तव्य अधिकार देहाय बमोजिको हुनेछ ।

(क) पूर्वाधार आयोजनाको कार्यान्वयन प्रक्रियाको जानकारी लिई उपभोक्ता वा संरक्षण समुहका सदस्यहरुलाई जानकारी प्रदान गर्ने ।

(ख) आयोजना कार्यान्वयनको अवधि, कार्ययोजना तथा डिजाईन बारे नगरपालिका र निर्माण व्यवसायीसँग जानकारी लिई लाभग्राहिहरुलाई जानकारी प्रदान गर्ने ।

(ग) नगरपालिका र निर्माण व्यवसायीले योजना कार्यान्वन प्रक्रिया तथा मर्मत सम्भार कोषको व्यवस्थापनको लागि आह्वान वा आयोजना गरेको कार्यक्रममा सहभागी भई आवश्यक सहयोग गर्ने ।

(घ) समितिका पदाधिकारीहरुको कार्य सम्पादनलाई प्रभावकारी वनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने । साथै आवश्यक परेका समितिका सदस्यहको क्षमता विकास गर्ने ।

(ङ) आयोजना कार्यान्वयनको क्रममा गुणस्तर कायम भए नभएको अनुगमन गरी आवश्यक परेमा नगरपालिकामा जानकारी प्रदान गर्ने ।

(च) आयोजना कार्यान्वयनको क्रममा मापदण्ड अनुसारको गुणस्तर नपाइएमा निर्माण व्यवसायीलाई गुणस्तर कायम गर्नको लागि अनुरोध गर्ने ।

(छ) बारम्बार अनुरोध गर्दा पनि निर्माण व्यवसायीबाट मापदण्ड अनुसारको गुणस्तर कायम नभएमा नगरपालिका वा अन्य सम्बन्धित निकायमा जानकारी गराउने ।

(ज) मर्मत सम्भार कार्यका लागि आयोजना मर्मत सम्बन्धी विशेष सिपको आवश्यक परेमा सोको आवश्यक व्यवस्था गर्न पहल गर्ने ।

(झ) मर्मत सम्भार कोष स्थापना तथा परिचालन सम्बन्धी समय सापेक्ष नियम तर्जुमा गरी आम भेलाबाट सम्भव भए सम्म आम सहमति, आम सहमति हुन नसकेका वहुमत सदस्यहरुबाट स्वीकृत गराई कार्यान्वयन गर्ने ।

(ञ) लाभग्राहीहरुबाट संकलन गर्ने सेवा शुल्कको निर्धारण उपभोक्ताहरुको आमभेलाबाट निर्णय गरी शुल्क निर्धारण गरी कार्यान्वयन गर्ने ।

(ट) आम्दानी र खर्चको हिसाब किताब चुस्त दुरुस्त राख्ने र प्रचलित कानुन अनुसार सार्वजनिक परीक्षण गरी पारदर्शिता कायम गर्ने ।

(ड) कुनै विशेष कारणवस योजना विग्रन गई उपभोक्ता वा संरक्षण समितिको एकल प्रयासले मात्र योजनाको मर्मत सम्भार गर्न नसक्ने अवस्थामा नगरपालिका वा अन्य सरोकार निकायहरु सँग समन्वय र सहकार्य गरी योजनाको मर्मत सम्भार कार्यको लागि पहल गर्ने ।

(ढ) मर्मत सम्भारको लागि नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा समावेश गर्नुपर्ने अवस्थामा सोको लागि समयमा नै पहल गरी योजना तर्जूमा प्रक्रियामा समावेश गर्न पहल गर्ने ।

(ण) आयोजनाको नियमित रेखदेख गर्ने ।

(त) आयोजनामा मर्मत तथा सम्भारको लागि विना बजेट गर्न सकिने सरसफाई तथा सानोतिनो मर्मत गरी आयोजना संचालन गर्ने ।

(थ) आयोजनाको प्रकृति अनुसार योजना सम्पन्न पश्चात उक्त योजनाको रेखदेख तथा मर्मत सम्भारको लागि स्थानीय स्तरमा उपभोक्ता समुहको निर्णय अनुसार मर्मत सम्भार कार्यकर्ता छनौट गरी निर्माण व्यवसायीसँगको सहकार्यमा सम्वद्ध आयोजनामा परिचालन गर्ने ।

द) आयोजनामा कुनै समस्या भएमा नगरपालिका वा सम्बन्धित वडा कार्यालयमा जानकारी दिने ।

थ) आयोजनाको प्रकृति अनुसार पूर्वाधार आयोजनाको बीमा गर्ने ।

ध) अन्य टोल विकास संस्था/उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधिमा उल्लेख भए बमोजिमको हुनेछ ।

**२. नगरपालिकाको काम कर्तव्य र अधिकार**

(क) निर्माण व्यवसायी मार्फत आयोजना संचालन हुने स्थानीय समुदायसँग छलफल गरी स्थानीय उपभोक्ताहरुको प्रतिनिधित्व हुने गरी टोल विकास संस्था/उपभोक्ता समिति वा आयोजना संरक्षण समिति गठन गर्न सहजीकरण गर्ने

(ख) निर्माण व्यवसायी मार्फत पूर्वाधार आयोजना संचालन गर्दा आयोजना संचालन प्रक्रिया, आयोजनाको डिजाईन तथा लगत इष्टिमेटबारे स्थानीय उपभोक्ता वा संरक्षण समितिलाई कार्यक्रम कार्यान्वयनको पूर्व जानकारी दिने ।

(ग) टोल विकास संस्था/उपभोक्ता समिति वा संरक्षण समितिसँग आयोजनाको शुरुआती चरण देखि नै छलफल गरी गुणस्तर कायम गर्नको लागि आवश्यक व्यवस्था मिलाउने ।

(घ) आयोजना सम्पन्न पश्चात आयोजना उपभोक्ता वा संरक्षण समितिलाई हस्तान्तरण गर्ने बारे स्थानीय समितिलाई आश्वस्त पारी मर्मत सम्भार कोषको व्यवस्थाबारे टोल विकास संस्था/उपभोक्ता समिति वा

संरक्षण समितिसँग छलफल गरी टोल विकास संस्था/उपभोक्ता समिति वा संरक्षण समितिलाई मर्मत सम्भार कोष स्थापना गर्नको लागि उत्प्रेरित गर्ने ।

(ङ) उपभोक्ता वा संरक्षण समितिलाई कानुनी मान्यता प्रदान गर्नको लागि अवश्यक प्रक्रिया पुरा गर्न उत्प्रेरित गर्नुका साथै सहजीकरण गर्ने ।

(च) आयोजना हस्तान्तरण पश्चात आयोजनाको मर्मत सम्भार गर्ने व्यवस्था उपभोक्ता वा संरक्षण समितिको हुने भएता पनि टोल विकास संस्था/उपभोक्ता समितिको एकल प्रयासले सम्भव नहुने अवस्थामा आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने ।

(छ) नगरपालिका भित्रका पूर्वाधार आयोजनाहरुको अद्याविक गरी अभिलेखिकरण गर्नुका साथै मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरुको प्राथमिकीकरण गरी बजेट विनियोजनको लागि आवश्यक प्रक्रिया मिलाउने ।

(ज) निर्माण व्यवसायीसँग पूर्वाधार आयोजना कार्यान्वयन गर्ने शिलशिलामा सम्झौता गर्दा आयोजना हस्तान्तरण गरिएको १ वर्ष (सम्झौतामा तोकिएको अवधि) सम्म योजनामा कुनै समस्या भएमा उक्त योजनाको मर्मत सम्भार सम्बन्धित निर्माण व्यवसायीले गर्नुपर्ने व्यवस्था उल्लेख गर्नेछ ।

(झ) कुनै भवितव्य परि टोल विकास संस्था/उपभोक्ता समिति वा संरक्षण समितिलाई हस्तान्तरण भएको योजना अचानक मर्मत सम्भार गर्नुपर्ने अवस्था आएमा उक्त योजनालाई टोल विकास संस्था/उपभोक्ता समितिको एकल प्रयासले मर्मत सम्भार गर्न नसक्ने अवस्थामा कार्यपालिकाले निर्णय गरी नगरपालिकाले मर्मत सम्भार कार्यको लागि सहयोग गर्नेछ ।

(ञ) तर योजना निर्माण गर्ने क्रममा निर्माण व्यवसायीको लापरवाहीको कारणले गर्दा उक्त योजना बिग्रन गएको अवस्थामा भने उक्त आयोजनाको मर्मत सम्भार गर्ने कार्य निर्माण व्यवसायीले गर्नुपर्नेछ ।

(ट) टोल विकास संस्था/उपभोक्ता समितिवा मर्मत समिति, आदिको योजना मर्मत सम्भार तथा व्यवस्थापन सम्बन्धी आवश्यक क्षमता अभिवृद्धि गर्ने ।

ठ) आयोजनाको प्रकृति अनुसार सम्भव भए सम्म पूर्वाधारआयोजनाको बीमाको लागि समन्वय तथा सहजीकरण गर्ने ।

ड) समय समयमा हस्तान्तरित योजनाहरुको अनुगमन तथा मूल्याङ्कन गरी उत्कृष्ठ टोल विकास संस्था/उपभोक्ता समिति वा संरक्षण समितिलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्ने

आज्ञाले,<br>
केशवराज भट्टराई<br>
प्रमुख प्रशासकीय अधिकृत